# मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना (MSU) कसरी संकलन गर्ने?

**वयस्क, युवा तथा पुरुष मूत्रप्रणाली (मेल युरिनरी सिस्टम) भएका ठूला बालबालिकाहरूका लागि**

## सामान्य सुझावहरू


पिसाबको नमुना संकलन गर्नु अघि र पछि साबुनपानी ले **सधैं आफ्नो हात राम्रोसँग धुनुहोस्।**

नमुना संकलन गर्न तपाई पूर्ण रूपमा तयार नभएसम्म **कीटाणुरहित भाँडो (स्टेराइल कन्टेनर) नखोल्नुहोस्।**


**कन्टेनरको भित्री भाग नछुनुहोस्,** र तपाईंको जननेन्द्रिय (गुप्ताङ्ग) ले कन्टेनरको कुनै पनि भागसँग नछुने गरी सावधानी अपनाउनुहोस्।

यदि तपाईंको स्वास्थ्यकर्मीले भन्नुभएको छ भने, **नमुना सङ्कलन गर्नु अघि कन्टेनरमा आफ्नो आवश्यक विवरण (लेबल) टाँस्नुहोस् वा लेख्नुहोस्।**

## मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना संकलन गर्न:




**1** भाडाको बिको खोल्नुहोस् र यसलाई भित्री भाग माथितर्फ फर्काएर सफा ठाउँमा राख्नुहोस्।




**2** त्यसलाई बिस्तारै पछाडि सार्नुहोस्, यदि तपाईंको लिङ्गको अघिल्लो भागमा छाला (फोरस्किन) छ भने।



**3** पिसाब सुरुमा शौचालयमा पिसाब फेर्न सुरु गर्नुहोस् (पिसाबको सुरुको भाग सङ्कलन नगर्नुहोस्) पिसाबको बहावलाई नरोकी, भाँडोलाई पिसाबको धारमा लैजानुहोस् र केही पिसाब संकलन गर्नुहोस्।



**4** भाँडो बाहिर नपोखिने (ओभरफ्लो नहुने) गरी नपोखिने गरी सकेसम्म धेरै पिसाब भर्नुहोस्, वा यदि भाँडोमा चिन्ह (मार्क लाइन) लगाइएको छ भने त्यो चिन्हसम्म भर्नुहोस्। त्यसपछि बाँकी पिसाब शौचालयमै गर्नुहोस्।



**5** भाँडोमा बिर्को लगाउनुहोस् र यसलाई राम्रोसँग कस्नुहोस्। यदि भाँडोको बाहिरी भाग भिजेको छ भने, त्यसलाई पानीले पखालेर पुछ्नुहोस्।



**6** सङ्कलित पिसाबको नमुनालाई भर्न भनिएका कुनै पनि फारम वा लेबलहरू सहित जति सक्दो चाँडो आफ्नो स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीकहाँ लैजानुहोस्। पृष्ठ 2 मा दिइएका सुझावहरू पालना गर्नुहोस्।

## संक्षिप्त जानकारी

**मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना भनेको के हो?** पिसाब फेर्दै गर्दा बीचको समयमा संकलन गरिएको पिसाब नै मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना हो।

**मैले पिसाबको बीचको धार (मिड-स्ट्रिम) कै नमुना किन संकलन गर्नुपर्छ?**
पिसाब फेर्न सुरु गर्दाको सुरुवाती पिसाबमा छालाका कीटाणुहरू (जर्म्स) मिसिन सक्छन्, जसले परीक्षणको नतिजालाई असर गर्न सक्छ। बीचको धार (मिड-स्ट्रिम) को पिसाब संकलन गर्दा यो समस्याबाट बच्न सकिन्छ र परीक्षणको नतिजा बढी सही आउँछ।

**के मैले नमुना संकलन गर्नु अघि आफ्नो गुप्ताङ्ग धुनु आवश्यक छ?**
यदि तपाईंको स्वास्थ्यकर्मीले विशेष रूपमा भन्नुभएको छैन भने, तपाईंले कुनै विशेष वाइप्स वा सरसफाइका सामाग्रीहरू प्रयोग गर्नुपर्दैन। गुप्ताङ्ग रहेको भाग
सफा र सुख्खा छ भन्ने सुनिश्चित गर्नुहोस्।

**के म घरकै कुनै सिसी वा भाँडो प्रयोग गर्न सक्छु?**
नमुना संकलन गर्नका लागि तपाईंले आफ्नो स्वास्थ्यकर्मीले दिनुभएको भाँडो नै प्रयोग गर्नुपर्छ।

**नमुना सङ्कलन गर्ने समयले केहि फरक पार्छ?**
नमुनाको गुणस्तर उत्तम होस् भन्नका लागि आफ्नो एपोइन्टमेन्ट (अस्पताल जाने समय) को ठीक अगाडि नमुना संकलन गर्ने प्रयास गर्नुहोस्। यदि सम्भव छ भने, एन्टिबायोटिक्स औषधि खानु अघि पिसाबको नमुना लिने प्रयास गर्नुहोस्।

**के कुनै अवस्थामा यो प्रक्रिया फरक हुन सक्छ?**
कहिलेकाँही तपाईंको स्वास्थ्यकर्मीले पिसाबको नमुना संकलन गर्न अर्कै तरिका अपनाउन पनि सल्लाह दिन सक्नुहुन्छ। त्यस्तो अवस्थामा उहाँले दिएको निर्देशन नै पालना गर्नुहोस्।

## पिसाबको नमुना बुझाउँदा अपनाउनुपर्ने कुराहरु

- **नमुना सकेसम्म छिटो बुझाउनुहोस्**
  यसलाई जति सक्दो चाँडो आफ्नो स्वास्थ्यकर्मीकहाँ लैजानुहोस् – सम्भव भएमा
  दुई घण्टा भित्र।

- **नमुना बुझाउने समय जाँच गर्नुहोस्:** नमुना बुझाउने अन्तिम समय (ड्रप-अफ टाइम) कहिले हो भनेर सोध्नुहोस्, ता कि तपाईंको नमुना सोही दिन प्रयोगशाला (ल्याब) मा पुग्न सकोस्।

- **यसलाई चिसो ठाउँमा राख्नुहोस्।**
  यदि नमुना तुरुन्तै बुझाउन सक्नुहुन्न भने, यसलाई एउटा प्लास्टिकको झोलामा राख्नुहोस् र अस्पताल लैजान नसक्दासम्म फ्रिजमा भण्डारण गर्नुहोस्।

- **विशेष कीटाणुरहित भाँडो (स्टेराइल कन्टेनर) को प्रयोग**
  केही भाँडोहरूमा नमुना सुरक्षित राख्न प्रिजर्भेटिभ पाउडर र पिसाब भर्नुपर्ने मात्रा देखाउने चिन्ह (फिल लाइन) हुन्छ। चिन्ह लगाइएको ठाउँसम्म भर्ने प्रयास गर्नुहोस्, तर यदि सक्नुभएन भने, जति पिसाब संकलन गर्न सक्नुहुन्छ त्यति नै राख्नुहोस्।

थप जानकारीका लागि **यहाँ स्क्यान गर्नुहोस्।**

© क्राउन प्रतिलिपि अधिकार 2026 संस्करण 1, प्रकाशित मिति: जुलाई 2026 पुनरावलोकन मिति: जुलाई 2029: यो डकुमेन्ट स्वास्थ्यकर्मीहरू,
बिरामीहरू र व्यावसायिक चिकित्सा निकायहरूको सहकार्यमा तयार पारिएको हो। TARGET कार्यक्रम यूके हेल्थ सेक्युरिटी एजेन्सी (UK Health Security Agency) द्वारा सञ्चालन गरिन्छ।